वर्ष १७ अंक ४५ २०८२ साउन ५ गते सोमबार HAMRO GORKHA SANDESH Jul 21, 2025 मुल्य रु.१० पृष्ठ संख्या ८

हाम्रो गोरखा सन्देश
राष्ट्रिय साप्ताहिक

THE HAMRO GORKHA SANDESH WEEKLY



**बादलु,छोप्यौ नी मलाई :**गोरखाको अजिरकोट गाउँपालिका वडा नं. ३ मा अवस्थित सिरानडाँडाबाट देखिएको बादलको घुम्टोले छोपिएको भच्चेक बजार र आसपासको दृश्य। छिनमै बदलिरहने मौसमले यस स्थानमा पर्यटकहरु आउने गर्दछन्। तस्वीरः राजेन्द्र न्यौपाने

# मनास्लु क्षेत्रमा पर्यटकको चाप वृद्धि, एक वर्षमै १२ हजार नाघे

हागोस सम्वददाता
गोरखा,४ साउन

उत्तरी गोरखामा अवस्थित मनास्लु संरक्षण क्षेत्रमा पछिल्ला वर्षहरूमा आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण उल्लेख्य रूपमा बढ्दै गएको छ।

सन् २०२४ को जुलाईसम्म (साउन २०८० देखि असार २०८१ मसान्तसम्म) को एक वर्षको अवधिमा मात्र १२ हजार ५१२ जना पर्यटकले मनास्लु क्षेत्रमा पाइला टेकेका छन्।

मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) का अनुसार, यो संख्या अघिल्लो वर्षको तुलनामा करिब २ हजार ७ सय २९ जना बढी हो। अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ९ हजार ७ सय ८३ जना विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए।

**पदमार्ग, पर्वतारोहण र सांस्कृतिक विविधताले पर्यटक लोभ्याउँदै**

मनास्लु क्षेत्रमा रहेको प्रख्यात पदमार्ग, सांस्कृतिक विविधता, धार्मिक आस्थाका केन्द्रहरू, हिमाली जीवनशैली, प्राकृतिक सौन्दर्य र जैविक विविधताले पर्यटकलाई लोभ्याउने गरेको एमक्याप गोरखाका प्रमुख सन्तोष शेरचन बताउँहुन्छ। शेचनका अनुसार, 'मनास्लु क्षेत्र विदेशी पर्यटकको रोजाइमा रहेको प्रमुख ट्रेकिङ रुट हो। अन्य पदमार्गहरू भौगोलिक र पूर्वाधारगत समस्याका कारण प्रभावमा परेका छन् भने मनास्लु ट्रेक अझै पनि राम्रो अवस्थामा रहेकोले पर्यटकको चाप यहाँ बढ्न थालेको हो।'

विशेष गरी लार्के पास, मनास्लु हिमालको आधार शिविर, चुमभ्याली क्षेत्र र बुद्धसँग सम्बन्धित ऐतिहासिक स्थलहरू पर्यटकहरूको



प्रमुख आकर्षण बन्दै आएका छन साथै, विश्वमै एकमात्र 'अहिंसा क्षेत्र' को रुपमा चिनिएको यो भूगोल शान्तिप्रेमी र अध्यात्मिक पर्यटकहरूको लागि पनि महत्वपूर्ण गन्तव्य बन्दै गएको छ।

**पर्यटक आगमनमा विविधता, राजस्वमा वृद्धि**

एमक्यापको विवरण अनुसार, गत वर्ष मनास्लु क्षेत्र भ्रमण गर्ने १२ हजार ५१२ जना पर्यटकहरुमध्ये १२ हजार २४८ जना गै्-सार्क राष्ट्रका थिए भने २ सय ५३ जना सार्क राष्ट्रबाट आएका थिए। ११ जना नेपाली पर्यटकले समेत प्रवेश शुल्क बुझाएर भ्रमण गरेका छन्। पर्यटकबाट संकलित प्रवेश शुल्कबाट यस वर्ष मात्र ३ करोड ६९ लाख ९९ हजार २ सय रुपैयाँ राजस्व संकलन भएको छ।

शेरचनका अनुसार, सो राजस्वमध्ये १३ प्रतिशत भ्याट र १५ प्रतिशत व्यवस्थापन खर्च कटाएर बाँकी रकम संरक्षण कोषमा जम्मा गरिन्छ। यो कोष मनास्लु क्षेत्रमा जातीय संरक्षण, पारिस्थितिकी प्रणालीको व्यवस्थापन, जलवायु परिवर्तनको अनुगमन, वातावरणीय शिक्षा, अनुसन्धान लगायत कार्यक्रमहरूमा प्रयोग गरिने बताइएको छ।

**वर्षेनी बढ्दो रुचि र आँकडाले के भन्छ?**

अघिल्ला वर्षहरूको तथ्याङ्क हेर्दा मनास्लु क्षेत्रमा पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि देखिन्छ।

आर्थिक वर्ष २०७८/७९ मा २,२२२ जना

आर्थिक वर्ष २०७९/८० मा ७,७५० जना

आर्थिक वर्ष २०८०/८१ मा ९,७८३ जना

आर्थिक वर्ष २०८१/८२ मा १२,५१२ जनाले अवलोकन गरेका छन्। यो वृद्धि दरले मनास्लु क्षेत्र पर्यटनको सम्भावना र दिगो विकासमा लगानीको आवश्यकता दुवैलाई देखाउँछ।

मनास्लु क्षेत्र आज न केवल ट्रेकिङको लागि, तर वातावरणीय शिक्षा, संरक्षण पर्यटन, अध्यात्मिक खोज र सांस्कृतिक अनुभवका लागि पनि एक महत्वपूर्ण गन्तव्य बन्दै गएको छ। स्थायीत्वयुक्त पर्यटन नीतिको विकास र संरक्षण क्षेत्रमा आधारित स्थानीय सहभागिताको सुदृढीकरण गर्दै जाने हो भने मनास्लु क्षेत्रले नेपालको पर्यटन नक्सामा अझ उज्यालो स्थान ओगट्ने निश्चित देखिन्छ।

मनास्लु क्षेत्र र हिमाल, संस्कृति र संरक्षणको संगम

**भौगोलिक अवस्थितिः**

मनास्लु संरक्षण क्षेत्र (Manaslu Conservation Area -

.........*बाँकी तेस्रो पेजमा*

# गोरखामा ७३ प्रतिशत रोपाँइ


**हाम्रो गोरखा सन्देश / गोरखा , ४ असार ।**

गोरखामा हालसम्म ७३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। यस वर्ष मनसुन वर्षा कम परेकाले जेठको अन्तिमबाट रोपाइँ सुरु भएता पनि गोरखामा अत्यन्तै कम वर्षा भएकाले पनि शुक्रबारसम्म जम्मा ७३ प्रतिशत रोपाइँ सम्पन्न भएको हो। अहिलेसम्म पनि गोरखामा सिचाइँ भएका कुलो नहरहरूको खेतमा रोपाइँ सम्पन्न भएको छ। आकाशे पानी परी मुल फुटेर रोपाइँ हुने खेतहरू भने रोपाइँ गर्ने पक्रियामा रहेको कृषि ज्ञानकेन्द्र गोरखाका अर्थ विज्ञ सुमन भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार साउन २ गतेसम्म ७३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। गोरखा जिलूलामा रहेको धान खेती हुने १० हजार एक सय ४० हेक्टर क्षेत्रफल मध्ये ६ हजार एक सय हेक्टर क्षेत्रफलमा अर्थात् ७३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।



गोरखाका मुख्य मुख्य फाँटहरूमा रोपाइँ सम्पन्न भएका छन् भने टारी फाँटहरूमा आकशे पानीको भर पर्दा रोपाइँ ढिला हुन पुगेको कृषि ज्ञान केन्द्र गोरखाले जानकारी दिएको छ। अझै पनि गोरखामा वर्षा कम भएता पनि साउन महिनाको अन्तिमसम्म रोपाइँ हुने भएकाले पनि गोरखामा लगभग ९५ प्रतिशत रोपाइँ हुनेमा विश्वास रहेको कृषि ज्ञान केन्द्र गोरखाका प्रमुख प्रकाश बस्ताकोटीको भनाइ छ।

गोरखामा १० हजार एक सय ४० हेक्टर जमिनमा धान रोपाइँ हुने गरेको छ। अधिकांश किसान आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता भएकाले पानीको मुल फुट्न ढिलाइ भएकाले पनि गोरखाका फाँटहरूमा छिटो रोपाइँ हुन नसकेको कृषि ज्ञान गोरखाका प्रमुख बस्ताकोटीले बताउनुभयो।किसानहरूले गोरखामा साउन महिनाको अन्तिमसम्म रोपाइँ गर्ने भएकाले आगामी दिनमा रोपाइँ प्रतिशत वृद्धि भएसँगै उत्पादनमा समेत वृद्धि हुने आफुहरूले विश्वास लिएको कार्यालय प्रमुख बस्ताकोटीको भनाइ छ। हिजो आज वर्षात सुरु भएकाले रोपाईको दर एकदुई दिन पछि बढ्ने बस्ताकोटीले बताउनुभयो।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा
(स्थानीय प्रशासन फाँट)

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

सर्वसाधरण सबैको जानकारीका लागि प्रकाशित सूचना !

मनसुनको समय शुरु भई सकेको अवस्था छ। मनसुनको समयमा आउन सक्ने बाढी पहिरोमा आवश्यक सावधानी अपनाउन नसक्दा धेरै धनजनको क्षति हुन सक्ने अवस्था रहेको छ। मनसुनको समयमा आउन सक्ने बाढी पहिरोको कारण सडक/राजमार्ग अवरोध हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै सवारी साधन सञ्चालन गर्दा मनसुनको अवधीभर निम्न सुरक्षाका सावधानी अपनाई सार्वजनिक यातायात सञ्चालन गर्ने/गराउन सम्वन्धित सबैलाई अनुरोध छ।

क. तोकिएको निकायहरुबाट सडकमा पहिरो गएको खण्डमा तत्काल सडक खुलाउन उपकरण सहितको प्रवन्ध मिलाउने।

ख. तपसिलका सडकखण्डहरु बाहेक मनसुन अवधीभर यातायात सञ्चाल नगर्ने गरी बन्द गर्ने।

| सि.नं. | रुट | मनसुन अवधीभर सवारी चल्ने रुट | कैफियत |
|---|---|---|---|
| १ | गोरखा - माछिखोला | सोतीसम्म | |
| २ | गोरखा – हुडीखोला – सौरपानी | पाल्खुसम्म | |
| ३ | गोरखा - आप्रिक | आरुघाटसम्म | |
| ४ | गोरखा – थुमी | आर्खेतसम्म | |
| ५ | गोरखा – जराङ | देउरालीसम्म | |
| ६ | गोरखा - मान्बु | वडा नं. २ को विद्यालयसम्म | |
| ७ | गोरखा - केरावारी - भिरसिङ | थालाजुङसम्म | |
| ८ | काठमाडौं - धावा | पुरै बन्द | |
| ९ | गोरखा – लाप्राक – गुम्दा | बारपाकसम्म | |
| १० | गोरखा – गोहोरे – आहालभञ्याङ | खहरे | |
| ११ | गोरखा – बुटार – राइनास | ताक्लुङसम्म | |
| १२ | गोरखा – लप्सीबोट | भच्चेकसम्म | |
| १३ | गोरखा – ओलाङ्ग | भच्चेकसम्म | |
| १४ | गोरखा –महादेवटार | बुंकोट मैलुङसम्म | |

ग. रात्रीकालिन समयमा अति आवश्यक सवारी साधन बाहेक अन्य सवारी साधनलाई संचालनमा रोक लगाउने र अविरल पानी परिरहेको अवस्थामा राजमार्गमा समेत रात्रीकालिन यातायातलाई पुर्णरुपमा बन्द गराउने।

मिति : २०८२ श्रावण ४ गते

चित्राङ्गत वराल
निमित्त प्रमुख जिल्ला अधिकारी

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
URL: daogorkha.moha.gov.np, Email: dao.gorkha@gmail.com, Email: dao.gorkha@moha.gov.np
फोन नं.:- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स :- ०६४४२०१८९

# सम्पादकीय

## गोरखाकाली रबर उद्योग सञ्चालनमा ल्याउनुपर्दछ

नेपालकै गौरवको उद्योगको रुपमा २०४९ सालमा स्थापना भएको गोरखकाली रबर उद्योग अहिले बन्द अवस्थामा रहेको छ । यहाँका महत्वपूर्ण इन्जिनहरु खिया लागेर काम नलाग्ने भइसकेका छन् । यहाँ फैलिएको ६ रोपनी जमिन आज विना उत्पादन त्यसै बसिरहेको छ। २०५१ सालदेखि व्यावसायिक उत्पादन गरेर २३ प्रकारका टायर उत्पादन गरी बजारमा एकछत्र व्यापार गरेको थियो। गोरखकाली टायरको विज्ञापन सुन्दा पनि जोही कोहीलाई राष्ट्रिय गौरवको अनुभूति हुन्थ्यो ।

गोरखकाली रबर उद्योगको उद्देश्य स्वदेशमै टायर उत्पादन गरेर आयातमा निर्भरता घटाउने, औद्योगिक आत्मनिर्भरताको यात्रा थाल्ने र देशलाई रोजगारीको अवसर दिने रहेको थियो। गोरखकालीले सुरुवाती वर्षहरूमा ट्रक, बस, जीप, कार, भ्यानजस्ता सवारीसाधनका लागि दर्जनौं किसिमका टायर उत्पादन गर्न थाल्यो । चालु पुँजी अभावमा कच्चा पदार्थ किनन नसक्ने अवस्था आयो। उद्योगभित्र हडताल र तालाबन्दी सामान्य भए । उत्पादित टायरहरू विदेशी ब्रान्डसँग प्रतिस्पर्धा गर्न सकेनन । भारत, चीन, मलेसियाजस्ता मुलुकबाट आउने सस्तो टायरसँग मूल्य र गुणस्तर दुवैमा पिछडिँदै गोरखकालीको उत्पादन कमजोर हुन थाल्यो । सबै नेताहरुको ध्यान गोरखकालीबाट कसरी लाभ लिने भन्ने होडवाजी चल्यो । विदेशीले बजार नपाइ रहेका समय नेपालको अस्थिर राजनीतिको भुमरीमा गोरखकाली रबर उद्योग पर्‍यो ।

गोरखकालीको बन्दाबन्दी बीच सरकारले पटकापटक पुनः सञ्चालन गर्ने वाचा गरेपनि सञ्चालन हुन सकेको छैन । अहिले अर्थ मन्त्रालयले एसियाली विकास बैंकको प्राविधिक सहयोगमा गोरखकालीसहित सातवटा सार्वजनिक उद्योगहरूको सम्पत्ति तथा दायित्व मूल्यांकन गरिरहेको छ। 'निजीकरणु शब्द विवादित भएपछि सरकारले 'सरकारी लगानी व्यवस्थापनु भन्ने शब्द प्रयोग गरेको छ। उद्योग सञ्चालन गर्न नदिनेहरु नीजिकरण गर्नुहुँदैन भनेर नेपाली राजनीतिमा आउन सक्छन् । नीजिकरणको अर्थ रबर उद्योगका सम्पती व्यक्तिलाई वितरण गर्ने भन्ने होइन । नीजि क्षेत्रसँग भएको ज्ञान, सीप र पुँजीलाई लगानी गरी नयाँ व्यवस्थापनमा सञ्चालन गर्नु हो। राज्यले आधारभूत दायित्वको जिम्मा लिएर नीजि क्षेत्रलाई दिएर भएपनि गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउनु पर्दछ।

## सेनाले सफा गर्‍यो रानी पोखरी

**हाम्रो गोरखा सन्देश / ४ साउन ।**
नेपाली सेनाले गोरखा सदरमुकाममा रहेको ऐतिहासिक रानी पोखरीको सरसफाई गरेको छ।

सेनाका जवानहरुले गोरखा नगरपालिका-६ को पुष्कर तीर्थ परिषर रहेको रानी पोखरीको सरसफाई गरेको हो ।लामो समय सम्म पनि स्थानीय र सरोकारवालहरुले पोखरीको सरसफाई गर्न नसकेपछि सेनाको रुद्रध्वज गणका जवानहरुले पोखरीको सरसफाई गरेका हुन् ।

गोरखाका तत्कालिन राजा रामशाहले ७ वटा समुन्द्र र १०८ वटा तीर्थ स्थलबाट जल ल्याई पोखरीमा राखी पुष्कर तिर्थ निर्माण गरेका थिए। राजा रामशाहले उक्त पोखरी आफ्नो रानीको लागि बनाएको हुँदा पोखरीको नाम ुरानी पोखरीु राखिएको इतिहासमा पढन पाइन्छ।

## गोरखा संग्रहालयमा भिजुअल कक्ष थप

**हाम्रो गोरखा सन्देश / ४ साउन ।**
गोरखा संग्रहालयमा भिजुअल कक्ष थप गरिएको छ। बिशेष गरी अशक्त र अपाङ्गता भएकाहरुलाई लक्षित गरी उक्त कक्ष थप गरिएको संग्रहालयले जनाएको छ।

'अशक्त र अपाङ्गता भएकाहरुलाई माथिल्लो तलासम्म पुगेर संग्रहालयका कक्षहरु हेर्न मुश्किल पर्छु, संग्रहालय प्रमुख जयनारायण कार्कीले भन्नुभयो, 'तलै बसेर संग्रहालयका सबै कक्षहरु अवलोकन गर्न मिल्ने व्यवस्था सहित भिजुअल कक्ष थप गरेका हौ ु आइतवारबाट संचालनमा आएको उक्त कक्षको अगाडी ठुलो मनिटर राखिएको छ । उक्त मनिटरमा संग्रहालयमा रहेका हरेक कक्षहरुको भिजुअलसहित विस्तृत विवरण प्रस्तुत हुने कार्कीले बताउनुभयो। 'करिव ३० मिनेटको भिडियो देखाउँछौ, जहाँ संग्रहालयमा रहेका हरेक कक्षहरुको भिजुअल सहितको विस्तृत विवरण प्रस्तुत हुन्छु। साथमा ऐतिहासिक स्थल गोरखा दरवार र मनकामना मन्दिरको ऐतिहासिक महत्वसहितको विवरण पनि भिडियोमा देखाइने कार्कीले बताउनुभयो। थप गरिएको भिजुअल कक्ष ग्यालरी बिस्तार नभई संग्रहालयमा रहेका उपकरणहरुलाई प्रयोगमा ल्याइएको हो। संग्रहालयमा तोप राख्ने स्थान पनि निर्माण गरिएको छ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
**पूर्वाधार विकास कार्यालय गोरखा**
गण्डकी प्रदेश नेपाल

**योजना सम्झौता गर्दा आवश्यक पर्ने कागजातहरु**

१. उपभोक्ता समिति गठन (न्युनतम ७ जनाको समिति जसमा ३३ प्रतिशत महिला हुनुपर्ने), उपस्थिति तथा कुन ठाँउमा कुन काम गर्ने भन्ने स्पष्ट निर्णय
२. समिति गठन गर्दा अनुगमन समिति पनि गठन गर्नुपर्ने (न्युनतम तिन जना)
३. स्थानिय तहको योजना सम्झौता गरिदिने सिफारिस साथै सिफारिसमा उक्त योजनामा अन्य निकायबाट बजेट विनियोजन भए/नभएको एकिन खुलाउन पर्ने विवरण
४. उपभोक्ता समितिको सम्पूर्ण पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५. योजना सम्झौता गरिपाउँ भन्ने समितिको निवेदन (अध्यक्षको तर्फबाट निवेदन)
६. अनुसुची १ र २ मा उल्लेखित विवरण भर्नुपर्ने

**गोरखा नगरपालिका**
**वडा नं.८ को कार्यालय**
डुम्रीडाँडा ,गोरखा
गण्डकी प्रदेश, नेपाल

**वडावासीहरुमा हाम्रो अनुरोध**

१. सबै वडावासीहरुले आफ्नो टोल, चोक गल्ली, बाटोघाटोका साथै सार्वजनिक जग्गा मठ मन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको सँरक्षण गरौं ।
२. वडालाई बुझाउन पर्ने करहरु सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय कर लगायत अन्य सबै किसिमका कर तथा दस्तुरहरु समयमै तिरौं ।
३. वडाको क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यावसायीहरुले आफ्नो व्यावसाय वडा कार्यालय र पालिकामा अनिवार्य रपमा दर्ता गरेर मात्र व्यावसाय सञ्चालन गरौं ।
४. व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र मृत्यु ) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा अनिवार्य रुपतले दर्ता गर्ने गरौं ।
५. वडाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकाबासीले सहयोग गरौं ।

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुम्लीचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

**लोककल्याणकारी विज्ञापन**

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै सम्बन्धित वडा कार्यालयमा गई दर्ता गरौं ।
- विकास निर्माण तथा अन्य कार्यक्रमहरुमा हातेमालो गरौं, सबै मिलेर स्वच्छ, सुन्दर गाउँपालिकाको निर्माणमा जुटौं ।
- गाउँपालिकामा कानून बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर राजस्व समयमा नै बुझाऔं ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।

**बीमितले सेवा लिन आउदा ध्यान दिनुपर्ने कुराहरु**

- बीमाको सेवा लिन आँउदा अनिवार्य रुपमा परिचयपत्र लिएर आउने ।
- बिरामी नपरी अनावश्यक चेकजाँच र औषधी लिनको लागि दबाव दिनुहुँदैन ।
–# dlxgfs f]Capping Period भएकोले सेवा लिइसकेपछि (औषधी, फार्मेसी र अन्य) यो अवधि भित्र बीमामा सोही समस्याको उपचार नहुने व्यवस्था छ ।
- प्रथम सेवा बिन्दुबाट प्रेषण (Refer) भएर आउँदा अनिवार्य रुपमा प्रेषण (Refer) कागज लिएर आउनु पर्दछ।
- दमौली अस्तालमा उपलब्ध सेवाका लागि प्रेषण लिएर जान नमिल्ने तर डाक्टरको सिफारिसमा प्रेषण (Refer) लिएर जानु पर्दछ।
- बीमाको सेवा लिएको रकमबाट १० प्रतिशत सहभुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।
- नेपाल सरकारले उपलब्ध गराएको वा बीमामा उपलब्ध हुने सेवाहरु बाहेक बीमितले रकम बुझाउनुपर्ने व्यवस्था छ।
- बीमाको म्याद सकिएको यकिन गर्ने र समयमा नै नविकरण गर्ने ।
- भीड व्यवस्थापन गर्न प्रेषणको लागि सकेसम्म बिहान ९ बजे भन्दा अगाडि वा २ बजे पछाडी पस्थित हुनुहोला।

**प्रदेश अस्पताल,गोरखा**

# अजिरकोटमा स्याउ फल्न थाल्यो

**हाम्रो गोरखा सन्देश / गोरखा ,४ साउन ।**

गोरखा जिल्लाको अजिरकोट गाउँपालिकामा व्यवसायिक स्याउ उत्पादन सुरु भएको छ । गएको वर्ष २,४ दाना फलेको स्याउ यस पटक लटरम्मै फलेको हो । वडा नं २ को मूलखर्क र नब्लूका दुई वटा स्याउ फर्ममा तीनवर्ष अघि परीक्षणका रुपमा लगाइएको स्याउले यसबर्षदेखि व्यवसायिक



उत्पादन दिन सुरु गरेको व्यवसायीहरुले बताएका छन् ।

विरुवामा गाउँपालिकाले ५० प्रतिशत अनुदान दिने कार्यक्रम अन्तर्गत अजिरकोट वडा नं. २ को २२०० मिटर उचाइमा अवस्थित मूलखर्क जडिबुटी तथा स्याउ फर्मा र नब्लू स्याउ फर्मा लगाइएको स्याउ यसबर्षदेखि व्यवसायिक उत्पादन सुरु भएको हो । स्थानीय व्यवसायीहरु सञ्जिव लामाले मूलखर्क स्याउ फर्ममा चारसय र भीम तामाङले नब्लू स्याउ फर्ममा चारसय वटा बिरुवा रोपेका थिए । दुवै फर्ममा लगाइएको स्याउका बोटहरुले अनुमानित एकहजारदेखि पन्द्रसय केजीसम्म फल दिएको पालिकाका कृषि विकास अधिकृत शम्भु थापाले बताउनुभयो । ' पालिकाको वडा नं १ र २ स्याउ खेतीका लागि उपयोगी रहेको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाले २०७९ मा परीक्षणका रुपमा स्याउको बिरुवा रोपेको व्यवसायी सञ्जिव लामाले बताउनुभयो ।

पालिकाले आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रममा पनि व्यवसायिक स्याउ खेती कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । आउँदो बर्ष पाँच हजार स्याउका बिरुवा किसानलाई वितरण गर्ने लक्ष्य गाउँपालिकाको रहेको कृषि शाखा प्रमुख शम्भू थापाले बताउनु भयो ।

## मानसिक सन्तुलन गुमाएकी महिलाको उद्धार

**हाम्रो गोरखा सन्देश / गोरखा ,४ साउन ।**

गोरखा नगरपालिका(७ मान्द्रेडुंगाबाट एक महिलाको उद्धार गरिएको छ । वेवारिसे अवस्थामा फेला परेकी ३५ बर्षीय संगिता खत्रीको उद्धार गरिएको हो । गोरखा नगरपालिका, जिल्ला प्रहरी कार्यालय र मानव सेवा आश्रमको संयुक्त पहलमा उनको उद्धार भएको हो ।

मानसिक सन्तुलन गुमाएकी उनलाई मानव सेवा आश्रम कास्की पठाइएको प्रहरी नायव उपरिक्षक इन्द्र प्रसाद सुवेदीले जानकारी दिनुभयो ।

# वडा नम्बर १३ मा चारसय मिटर सडक कालोपत्रे

**हाम्रो गोरखा सन्देश / गोरखा ,४ साउन ।**

गोरखा नगरपालिकास्थित मझुवा-बैटारी-हटिया सडकखण्डमा ट्रयाक खुलेको ३३ बर्षपछि सडक कालोपत्रको काम सुरु भएको छ । गोरखा नगरपालिका-१३ देउराली र पालुङटार नगरपालिका-८, रातमाटे जोड्ने



उक्त सडकखण्डको जैकोटदेखि घोरथुम्कासम्म सडक कालोपत्र सम्पन्न भएको गोरखा नगरपालिका १३ की वडाध्यक्ष मित्रा परियारले जानकारी दिनुभयो ।

"साना शहरी विकास कार्यालय कास्कीबाट बिनियोजित बजेटमार्फत मझुवा-बैटारी-हटिया सडकखण्डमा ४ सय मिटर सडक कालोपत्रको काम लगभग सम्पन्न भएको हो, "वडा नम्बर १३ का जनताले यहाँ वडाको हकमा पहिलो पटक वडाभित्र सडक कालोपत्र देख्न पाएका छन् ।, बि.स २०४९ सालमा सो सडक खण्डको ट्रयाक खुलेको थियो ।

ठेकेदार कम्पनी चिराग कन्ट्रक्सन प्रोपाइटर लक्ष्मण श्रेष्ठले ४ सय मिटर सडक कालोपत्र, ७५ मिटर ढलान र ५ सय मिटर नाला निर्माणको काम करिब सम्पन्न भएको बताउनभयो । उक्त सडक खण्ड निर्माण निर्माणका लागि ठेकेदार कम्पनीले रु ६६ लाख ३५ हजार ९३९ मा ठेक्का सम्झौता गरेको थियो ।

## बारपाक सुलिकोटको वित्तिय प्रगति ८७.५५ प्रतिशत

**हाम्रो गोरखा सन्देश / गोरखा ,४ साउन ।**

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले चालु आर्थिक वर्ष ०८१।०८२ मा वित्तिय प्रगति ८७.५५ प्रतिशत गरेको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा कुल ६५ करोड, ४९ लाख ३७ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

विनियोजित बजेट मध्ये ५७ करोड ३३ लाख ९६ हजार ६३१ रुपैयाँ ३१ पैसा खर्च भएको प्रमुख प्रशासकीय अधिकृत सुवास आले मगरले बताउनुभयो ।

चालु तर्फ ४९ करोड ९४ लाख ९७ हजार विनियोजन गरिएकोमा ४३ करोड ८३ लाख ७ हजार ५४१ रुपैयाँ ३१ पैसा खर्च भएको छ । पुँजीगत तर्फ १५ करोड ४२ लाख ४० हजार विनियोजन भएकोमा १३ करोड ५१ लाख २२ हजार ८९ रुपैयाँ खर्च भएको अधिकृत आले मगरले जानकारी दिनुभयो ।

# मनास्लु क्षेत्रमा...

MCA_ नेपालका ७७ मध्ये एक जिल्ला गोरखाको उत्तरी भागमा अवस्थित छ । यो क्षेत्र करिब १,६६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ र समुद्री सतहदेखि ६०० मिटरदेखि लिएर ८,१६३ मिटर (मनास्लु हिमाल) सम्मको उचाइमा अवस्थित छ ।

प्राकृतिक सम्पदाः मनास्लु क्षेत्र जैविक विविधताले भरिएको संरक्षण क्षेत्र हो ।

यहाँ ११० भन्दा बढी चराका प्रजाति, ३३ स्तनधारी जनावर, ११३ किसिमका चरा, ३ वर्गका उभयचर र २७ प्रजातिका माछा पाइन्छन हिमचितुवा, रेड पाण्डा, हिमाली थार, डाँफे, जस्ता संकटापन्न वन्यजन्तुहरू यहाँ पाइन्छन् । वनस्पतिमा यहाँ २,००० भन्दा बढी प्रजाति रहेका छन् ( जसमध्ये थुप्रै औषधीय र जडीबुटी महत्वका छन् ।

**संस्कृति र जनजीवनः**

मनास्लु क्षेत्र बौद्ध र बोन धर्मको प्रभावमा रहेको सांस्कृतिक क्षेत्र हो। चुम नुब्री उपत्यकाका गाउँहरू, जस्तै सामागाउँ, ल्हो, प्रोक, चेकम्पार, आदिमा तिब्बती मूलका भोटिया समुदायहरू बसोबास गर्छन् ।

यी समुदायको मौलिक संस्कृति, तिब्बती शैलीका गुम्बा, चोर्टेन, र मणिपत्थर पर्यटकहरूका लागि आकर्षणका केन्द्र हुन् ।

प्रसिद्ध ट्रेकिङ मार्गः

मनास्लु सर्किट ट्रेक (Manaslu Circuit Trek)बेशीसहरबाट सुरु भएर सोतीखोला, माछाखोला, ल्हो, सामागाउँ हुँदै ५,१०६ मिटर उचाइको लार्के पास पार गर्दै अन्नपूर्ण सर्किटमा पुग्ने यो पदमार्ग विश्वका उत्कृष्ट ट्रेकिङ मार्गहरूमध्ये पर्छ ।

चुम भ्याली ट्रेक र धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण यो पदमार्ग तिब्बती बौद्ध संस्कृति र गुम्बा पर्यटनका लागि विशेष छ ।

पर्यटन र स्थानीय अर्थतन्त्रः

मनास्लु क्षेत्रमा पर्यटनको विकासले स्थानीय बासिन्दाको जीवनस्तरमा परिवर्तन ल्याइरहेको छ । गाइड, पोर्टर, होटेल व्यवसाय, जडीबुटी संकलन, हस्तकला तथा कृषिमा प्रत्यक्ष-अप्रत्यक्ष रोजगारी सृजना भइरहेको छ ।

संरक्षण प्रयासः

सन् १९९८ मा स्थापना गरिएको मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) ले क्षेत्रको जैविक तथा सांस्कृतिक विविधताको संरक्षणका साथै दिगो पर्यटन प्रवर्द्धनमा काम गर्दै आएको छ। यो ल्वतष्यलबी त्वगकत layच ल्वतगचभ ऋयलकभचखबतष्यल (NTNC) अन्तर्गत सञ्चालनमा छ ।

शुल्क संकलन, वातावरणीय शिक्षा, जल स्रोतको संरक्षण, गाइडहरूको तालिम, जैविक विविधता अनुगमन, र स्थानीय सहभागिता कार्यक्रमहरू यसले सञ्चालन गर्छ ।

**चुनौतीहरूः**

ल्हो, सामागाउँ जस्ता बस्तीमा पर्यटक ट्राफिकको चाप, प्लास्टिक प्रदूषण र अव्यवस्थित होटल विस्तार जलवायु परिवर्तनका कारण हिमाल पग्लनु र बग्ने नदीमा अचानक बाढीको जोखिम संस्कृति क्षय हुने डर रहेको छ ।

**सम्भावनाहरूः**

बुटिक ट्रेकिङ, अध्यात्मिक पर्यटन र पर्यावरण अध्ययनका लागि उपयुक्त गन्तव्य अन्तर्राष्ट्रिय अनुसन्धान तथा जलवायु अनुगमन केन्द्रको रुपमा विकास गर्ने अवसर रहेको छ ।


# गोरखा सडक आयोजना कार्यालय गोरखाको अनुरोध

-सडकको मापदण्ड विपरित स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,

- सडक किनारामा निर्माण समाग्री नथुपारौं,

- सडक छेउको नालीमा फोहोर मैला नफालौं,

-सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,

-सडक किनारामा निजी/ व्यापारिक होडि बोर्ड तथा साइन बोर्ड नराखौं ।

"सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो, यस सम्वन्धी जानकारी उपलब्ध गराउनु हामी सबैको कर्तव्य हो ।"

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाटीपोखरी, गोरखा
गण्डकी प्रदेश, नेपाल

## लोककल्याणकारी विज्ञापन

*स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं*

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्वी र स्वरोजगार वनौ,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजींमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर वनौ,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं, अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

# पर्यटक आकर्षित गर्न मत्स्यपालन

**हाम्रो गोरखा सन्देश / गोरखा , ४ साउन ।**
गोरखामा पर्यटक आकर्षित गर्न बेनीखोलामा कृत्रिम ताल निर्माण गरी मत्स्य पालन गर्ने तयारी गरिएको छ।

गोरखा नगरपालिका-३, नारेश्वरको बेनीखोलामा पर्यटकिय आकर्षणको केन्द्रविन्दु बनाई स्थानीय समुदायको आय आर्जनमा वृद्धि गराउन ताल निर्माण गरिएको हो ।

गोरखा नगरपालिकामा रहेको ३२ रोपनी जग्गामा ७० लाख रुपियाँ लगानीमा सिँचाइ मत्स्यपालन पर्यटन मार्फत स्थानीय समुदायको आर्यआर्जनमा वृद्धि गर्ने उदेश्यका साथ ताल निर्माण गरिएको गोरखा नगरपालिकाका नगर प्रमुख कृष्णबहादुर राना मगरले जानकारी दिनुभयो ।

उहाँका अनुसार बेनी खोलाको सरकारी जमिनमा ड्याम थुनेर ताल निर्माण गर्दै ३२ रोपनी क्षेत्रफलमा ९३ मिटर चौडाई र २१३ मिटर लम्बाई रहेको ताल निर्माण गरी त्यसबाट नगरपालिका र स्थानिय कुमाल समुदायको आयआर्जनमा बृद्धि गराउनका लागि होमस्टे सञ्चालनको तयारी पनि भइरहेको छ।

गोरखा पर्यटकको आर्कषणको केन्द्रबिन्दु भएकाले पनि गोरखा आएर पर्यटकहरू तालमा डुङ्गा चढेर स्थानीय रूपमा उत्पादन भएका रैथाने



परिकारहरू खाएर आन्नद लिनका लागि पनि बेनी खोलामा ताल निर्माण गरिएको गोरखा नगरपालिकाले जनाएको छ।

आगामी चैत महिनासम्म सम्पन्न हुने गरी तालमा आवश्यक डुङ्गा, र गार्डेन बनाएर स्वीमङ पुल निर्माणको काम पनि तिब्र रूपमा अघि बढिरहेको गोरखा नगरपालिका-३ का वडाध्यक्ष चुलबहादर कुँवरले बताउनुभयो ।

तालमा झण्डै १७ हजार माछाको भुरा हाल्ने तयारी भइरहेको छ ।

काललाई थप व्यवस्थित गर्नको लागि गोरखा नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ का लागि ३० लाख रुपियाँ बजेट विनियोजन भएको गोरखा नगरपालिकाका प्रमुख प्रशाकिय अधिकृत एकदेव खनालको भनाइ छ ।

बेनी खोलामा ताल बनाउनका लागि गोरखा नगरपालिकाको केही बजेट मात्र आवश्यक छ, नगर प्रमुख रानाले भन्नुभयो, 'ताल निर्माण गर्दै जाँदा तालबाट निस्कने ग्राबेल बिक्री गरी ७० लाख रुपियाँको बेचबिखन भइसकेकाले अझै केही लाखको ग्राबेल बेचेर आर्कषण पर्यटकिय ताल बनाउने उहाँले बताउनुभयो ।'

ताल निर्माण समपन्न भएपछि स्थानीय तथा बाह्रय पर्यटकहरू दरौदी नदीको बेनीखोलामा तालमा डुङ्गा चढेर सयर गर्न र स्थानिय परिकारहरूको स्वाद चाख्न पर्यटकहरूको चाप गोरखा नगरपालिका प्रमुख राना मगरको विश्वास छ ।


## बारपाक सुलिकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तार्कुकोट, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### रैथाने बालीको सँरक्षण र प्रवर्द्धनका लागि बारपाक सुलिकोट गाउँपालिकाको अनुरोध

बारपाक सुलिकोट गाउँपालिका क्षेत्रमा उत्पादन हुने चिनो, कागुनो, फापर, गहुँ, जौं, सिमि र कोदो उच्च पोषणयुक्त खानेकुरा भएकाले यसको बढि भन्दा बढी उत्पादन र उपभोग गरौं ।

विद्यालयको दिवा खाजामा रैथाने बालीको परिकारलाई समावेश गरौं ।

विद्यालय र घरको भान्छा तथा विवाह, व्रतबन्ध पुजा जस्ता भोजभतेरमा चाउचाउ, कुरकुरे, चिप्स, कोल्ड ड्रिङ्स लगायतका पत्रु खानालाई पूर्ण रुपमा निषेध गरौं ।

गाउँपालिका क्षेत्रभित्र सञ्चालित होमस्टे, होटल तथा रेष्टुराँमा रैथाने बालीको परिकार प्रवर्द्धन गरौं ।

बालबालिकालाई रैथाने बालीको परिकार उपभोक गर्ने बानी बसालौं ।

रैथाने बालीको महत्वलाई सक्दो प्रचार प्रसार गरौं ।



## शहिदलखन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धैरुङ्ग, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### लोककल्याणकारी विज्ञापन

-१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं ।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ । खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधारणाको विकास गरौं, सकरात्मक सोचौ । सकरात्मक सोच गर्ने धारणाको विकास गरौं ।
३. खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं ।
५ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
६. हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसग साबुन लगाएर सफा पानीले हात धोऔं ।
७. सफा कपडा वा तौलियाले हात पुछौं ।
८. जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
९. व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौ ।



## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**माच्छीखोला, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### लोककल्याणकारी विज्ञापन

-१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं ।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ । खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधारणाको विकास गरौं, सकरात्मक सोचौ । सकरात्मक सोच गर्ने धारणाको विकास गरौं ।
३. खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं ।
५ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
६. हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसग साबुन लगाएर सफा पानीले हात धोऔं ।
७. सफा कपडा वा तौलियाले हात पुछौं ।
८. जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
९. व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौ ।



## आरुघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आरुघाट, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### लोककल्याणकारी विज्ञापन

-१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं ।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ । खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधारणाको विकास गरौं, सकरात्मक सोचौ । सकरात्मक सोच गर्ने धारणाको विकास गरौं ।
३. खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं ।
५ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
६. हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसग साबुन लगाएर सफा पानीले हात धोऔं ।
७. सफा कपडा वा तौलियाले हात पुछौं ।
८. जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
९. व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौ ।

# गोरखा लमजुङ जोड्ने सडक कालोपत्रे

**धन बहादुर तामाङ /गोरखा , ४ साउन।**

गोरखाको सिरानचोक गाउँपालिका हुँदै लमजुङको साहिलीटार पुग्ने पन्थडिही (कटहरे(हर्मी(साहिलीटार सडक कालोपत्रे भएको छ। भारत सरकार र एक्जीम बैकको सहयोगमा झण्डै १२ किलोमिटर सडक कालोपत्रे भएको गोरखा सडक योजना कार्यालय गोरखाका सूचना अधिकारी आशिश रिजालले जानकारी दिनुभयो।

वि.सं. २०६० सालमा तत्कालिन हर्मी गाउँ विकास समितले टूयाक मार्ग खुलाइएता पनि २२ वर्षपछि संघिय सरकारको भौतिक पूर्वाधार मन्त्रालय अन्र्तगत गोरखा सडक योजना कार्यालय गोरखा मार्फत १२ किलोमिटर



सडक कालो पत्रे समपन्न भएको हो। कालोपत्रे भएपछि गोरखा र लमजुङका स्थानीयलाई गोरखा सदरमुकामसम्म आवतजावत गर्न सहज हुने भएको छ।

धेरै समयको प्रयासपछि २०६९ साल पुस २९ गते तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एक कार्यक्रमकाबिच सडकको शिलूयान्स गर्नुभएको गोरखा सडक योजना कार्यालय गोरखाले जनाएको छ।

ग्रामिण बस्तीहरुलाई व्यापार व्यवसायमा जोड्दै दुई जिलूलालाई व्यावपारिक केन्द्र बनाउने उद्येश्यले सडक कालोपत्रे गरी आर्यआर्जनमा सहज हुने विश्वास लिइएको सिरानचोक गाउँपालिकाका अध्यक्ष ज्ञानेन्द्र गुरुङले बताउनुभयो।

सडक कालोपत्रे योजनाका लागि उडहिल लामा जेबी कम्पनीसँग २०७९ साल चैत १५ गते सम्झौता भएर काम अघि बढेको गोरखा सडक योजना कार्यालय गोरखाका सूचना अधिकारी रिजालले बताउनुभयो। २०८३ जेठ २३ गते सम्पन्न गर्नुपर्ने समय सिमा भित्र निर्माण कम्पनीले १२ किलोमिटर सडक कालोपत्रे समपन्न गरेको उहाँको भनाइ छ।

गोरखा सडक योजना कार्यालय गोरखाको ९२ करोड रुपियाँमा निर्माण कम्पनी बीच १२ किलो मिटर सडक कालोपत्रे र एक साइडमा नाली बनाउनुपर्ने सम्झौता उलूलेख छ। बाटोको ८ मिटर चौडाई र २ किलोमिटर लम्बाई, सबबेश, सबग्रेड फाइनल भएकाले तोकिएको समय सिमाभित्र सडक कालोपत्रे समपन्न भएको सडक योजना कार्यालय गोरखाले जनाएको छ।


**सिरानचोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चित्रेपोखरी, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**लोककल्याणकारी विज्ञापन**

१.फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ। खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधाराणाको विकास गरौं, सकरात्मक सोचौ। सकरात्मक सोच गर्ने धारणाको विकास गरौं।
३ खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं।
५ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
६. हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसग साबुन लगाएर सफा पानीले हात धोऔं।
७. सफा कपडा वा तौलियाले हात पुछौं।
८. जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
९ व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौ।



**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय**
**पालुङटार, गोरखाको अनुरोध**

गोरखाको आरूघाटदेखि पालुङटार सम्मको मध्येपहाडी राजमार्ग क्षेत्र भित्र जथाभावि सडकमा क्षती हुने गरी सँरचना निर्माण, घडेरी खार्ने, उत्खनन गर्ने नगरौं।
मध्यपहाडी राजमार्ग निर्माणमा सहयोग गरौं। कुनै समस्या भए गरे वा देखिएमा योजना कार्यालय पालुङटारमा सम्पर्क गरौं।
मध्यपहाडी राजमार्ग अन्तरगत सडकमा पानी नकटाऔं, जथाभावी कुलेसा बनाउने, खाल्डा खन्ने नगरौं।
फोन : ०६४४०००५
इमेल : pmh.gorkha@gmail.com



प्रदेश सरकार
उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखा**

**सार्वजनिक अपिल**

१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ। खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधाराणाको विकास गरौं, सकरात्मक सोचौ। सकरात्मक सोच गर्ने धारणाको विकास गरौं।
३. खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं। कोभिड-१९ बाट बचौ र अरुलाई समेत बचाऔं।
५. सेप्टिक ट्याङ्क सहितको चर्पि बनाऔं। सेप्टिक ट्याइको ढकनी आर.सि.सी.को बनाऔं, प्यान जडित चर्पि घर बनाऔं।
६. पूर्ण सरसफाईको सूचकको अबस्था :
१) साबुन पानीले हात धुने सुविधा सहितको पक्की चर्पिको प्रयोग भएको हुनुपर्ने।
२) पानी प्रयोग सम्बन्धि सुरक्षित व्यबहार गर्नुपर्ने ९पानी प्रयोग गर्ने भाडा सफा तथा पानी शुद्धिकरण भएको हुनुपर्ने।
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने, नङ काट्ने, दांत माझ्ने, नुहाउने, कपडा धुने, आदि भएको हुनुपर्ने)।
४) खाना प्रयोग सम्बन्धी सुरक्षित व्यबहार (भान्सा कोठा सफा, पकाएको र नपकाएको खानेकुरा छुट्टाछुट्टै राखे, खाना राम्रोसंग पकाउने, छोपेर राखे आदि भएको हुनुपर्ने)
५) सफा घर आंगन (पशुपंक्षीका लागि छुट्टै टहरार गोठ र खोर बनाइ मलमुत्रको व्यबस्थापन, घरबाट निस्कने फोहोर वस्तु तथा पानीको व्यवस्थापन गरेको तथा घर आंगन सफा गर्ने गरेको हुनु पर्ने)
६) सफा बाताबरण (खुला दिसा मुक्त भएको, सफा बाटो, चौतारा, सार्वजनिक स्थल, सुरक्षित पानीको मुहान तथा बितरण प्रणाली, सफा खोला, हरियाली बातावरण आदि) भएको हुनुपर्ने।
यी सूचकहरु पालाना हुने गरि आ-आफ्नो गाउ, टोल, वस्तीलाई व्यवस्थित गरि पूर्ण सरसफाई भएको घोषणा गरौ, सभ्य बनौ, समाजलाई सभ्य बनाऔं।



**अजिरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**लोककल्याणकारी विज्ञापन**

-१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं।
२. खानेपानीको मुहान सम्बन्धमा वादबिबाद नगरौ। खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधाराणाको विकास गरौं, सकरात्मक सोचौ। सकरात्मक सोच गर्ने धारणाको विकास गरौं।
३ खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिव्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुघ्घर राखौ।
४. खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं।
५ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
६. हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसग साबुन लगाएर सफा पानीले हात धोऔं।
७. सफा कपडा वा तौलियाले हात पुछौं।
८. जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
९ व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौ।



***तने बोडीले बजार पाएन :*** गोरखा र चितवनका किसानहरुले लगाएको तने बोडीले बजार पाउन सकेको छैन । बजारमा ल्याएर किसानहरुले १० रुपैयाँ प्रतिकेजी विक्री गरेका छन् । व्यापारीले विरगञ्ज लगेर भारतका व्यापारीलाई १५ रुपैयाँ केजीमा विक्री गर्ने गरेका छन् । किसानको उत्पादनको जिम्मा सरकारले नलिँदा उनीहरु मर्कामा परेका छन् । **तस्विर राजेन्द्र न्यौपाने ।**


प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गोरखा**

गण्डकी प्रदेश, नेपाल

## हिँउदको समयमा पशुबस्तु व्यवस्थापन गर्न ध्यान दिनुपर्ने कुराहरु

१. हिँउदे घाँसहरु जस्तै जै,बर्सिम, भेच, मकै चरी आदि र पहाडी हिमाल भेगमा क्लोभर, राइघाँस, कोते लगाउनुहोस् ।
२.हिउँदको समयमा हरियो घाँसको अभाव हुने भएकाले उपलब्धता अनुसारका डालेघाँसहरु खुवाउनुहोस ।
३.प्राविधिहरुको सल्लाहमा आफूना पशुबस्तुलाई नियमित रुपमा खोप लगाउनुहोस् ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गोरखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।



## स्तनपान सम्बन्धी जानकारी

स्तनपान भन्नाले शिशुलाई जन्म दिई सकेपछि आमाले आफ्नो स्तनबाट निस्केको प्राकृतिक दुध खुवाउन हो । शिशु जन्मेको जतिसक्दो चाँडो १ घण्टा भित्र आमाको दुध खुवाउन सुरु गर्नुपर्छ । शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व दुधमा पाइने हुनाले शिशु जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुध मात्र खुवाउनु पर्छ, पानी पनि खुवाउनु हुँदैन जसलाई पूर्ण स्तनपान भनिन्छ । शिशुलाई ६ महिना पछि पुरक खानाको साथमा कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराउनुपर्दछ ।

आमाको दुध खुवाउँदा हुने फाइदाहरु

आमाको दुध बालबालिकाको लागि अमृत समान हो । यसले बालबालिकाको जीवन रक्षा गर्दछ । पहिलो पहेँलो बाक्लो बगौती दूध खोप सरह काम गर्दछ र निमोनिया, झाडापखला, कान, छाला, पेट तथा स्वासप्रस्वास सँक्रमणसँग लड्न सक्ने क्षमता बढाउँछ ।

यसमा बालबालिकालाई आवश्यक पर्ने प्रयाप्त पानी र खनिज तत्वहरु हुन्छ ।

शिशु जन्मने वित्तिकै आमाको दुध खुवायो भने सालनाल छिट्टै बाहिर निस्कन सहयोग गर्दछ । किनभने शिशुले दुध चुस्दा पाठेघर खुम्चिन्छ जसले गर्दा बच्चा जन्माए पछि बढी रगत बग्ने खतरलाई घटाउँदछ ।

महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ ।

आमाको कामको भारलाई घटाउँदछ । पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदी काम गर्नु पर्दैन र आमाको दुध जुनसुकै बेला र जहाँ पनि खुवाउन सकिन्छ ।

यो सँधै सफा, सुरक्षित, पोसिलो र ठीक तापक्रमको हुन्छ ।

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
**प्रदेश जनस्वास्थ्य कार्यालय, गोरखा**



## चितुवाको आक्रमणबाट बच्न डिभिजन वन कार्यालय गोरखाको अनुरोध

१. चितुवा मध्यम आकारको जंगली बिरालो प्रजाति मध्ये एक हो । यो तराई देखि ४५०० मिटर उचाइसम्म काही बुदयानदेखि सबैखाले मनमा विचरण गर्ने गरेको पाइन्छ । चितुवासंग जम्का भेट भई भारत नपाएमा, आराम गरेको स्थानमा अथानक मानिस पुगेमा, शिकार खाइरहेको र सानो बच्चा साथमा भएको अवस्थामा मानिस नजिक गएमा, बाटो बिराइ गाउंमा पसेको अवस्थामा मानिसबाट पेरीड भारत नपाएमा, बुढो, अशक्त र घाइते भई शिकार गर्न नसकेको अवस्थामा, माउसँग छुट्टीएका चितुवाका बच्चा शिकार खेल्न नसकि भीकै भएको अवस्थामा मानिसलाई आक्रमण गर्दछ त्यसैले चितुवाको आक्रमणबाट जोगीन र बच्न निम्न कुराहरु विशेषमा ध्यान दिनुहोस्
२. झमक्क साँझ पर्न लागे पछि चितुवा सक्रिय हुने हुदाँ साँझको समयमा आफ्ना बाबुनानीहरुलाई घर बाहिर छोड्नुहोस
३. घर बाहिर आंगन वरिपरी साझ, राती र बिहान सम्म उज्यालो बनाइ राख्नुहोस साँझ परेपछि सकेसम्म आफूपनि बाहिर ननिस्कनुहोस्, निस्कनै परेमा समुहमा उज्यालोको व्यवस्था गरेर मात्र निस्कनुहोस्
४. साँझ रातको समयमा घर वरिपरीको झाडी युयानमा दिशा पिसाब गर्न आफू पनि नजानुहोस् र बाबुनानीलाई नपठाउनुहोस् ।
५. साँझ, राती घर गोठका झ्याल र ढोकाहरु चितुवा भित्र पस्न नसक्ने गरी बलियो बनाइ बन्द गर्नुहोस् । घर गोठ वरिपरीका अग्ला घांस र झाडीहरु सफा गर्नुहोस्
६. वन जंगलको छेउको वाटो भएर बाबुनानीहरुलाई स्कुल पठाउँदा ठूला मानिसको साथ लगाएर पठाउनुहोस् ।
७ घास दाउरा लिन बनजंगल जाँदा र जंगल छेउको बारीमा जादा एक्लै नजानुहोस् सामुदायिक वनमा गोडमेल गर्दा समुहमा गर्नुहोस् ।
८. चितुवाले खाने मुख्य आहारामा रतुवा मृग, चित्तल, बँदेल, बनकुखुरा, खरायो, दुम्सी, बाँदर आदि पर्दछन् चितुवाले खाने मृग प्रजाति समेत मानिसले अवैध रुपमा मारी खाइदिदा चितुवाले शिकार गर्ने वन्यजन्तु कभी भई आहाराको खोजीमा चितुवा मानव वस्तीमा पस्दछ र बाबुनानीलाई आक्रमण गर्दछ । त्यसैले अबैध वन्यजन्तुको शिकार गर्नेहरुको सूचना वन कार्यालय तथा प्रहरी कार्यालयमा दिनुहोस् चितुवाको आहारा प्रजातिहरुको संरक्षण गर्नुहोस् चितुवा लगायतका वन्यजन्तुहरु पानीको खोजिमा समेत मानव वस्तीमा आउने हुँदा वन जंगल क्षेत्रमा भएका पानीका मुहानहरु भएका स्थानमा संरक्षण पोखरी निर्माण गर्नुहोस् ।
१०. मानव बस्ती वरपर, जंगलमा चितुवा देखिएमा अरु मानिसहरु, डिभिजन/सव डिभिजन वन कार्यालय र नजिकको प्रहरी कार्यालयमा खबर गर्नुहोस् ।
११. चितुवाको आक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔ ।

**डिभिजन वन कार्यालय गोरखा**



**गोरखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

डुमैंडाडा , गोरखा
गण्डकी प्रदेश, नेपाल

## गोरखा नगरपालिकाबाट सर्वसाधारणको हितको लागि जारी सूचना !

*लक्षणः*
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

*लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः*
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौ,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

*“डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।”*



हाम्रो गोरखा सन्देशका लागि प्रकाशक गोरखा मिडिया हव प्रा.लि. सम्पादकः लक्ष्मि धिताल, ब्यवस्थापकः रोजीना गुरूङ्ग
कार्यालय : गोनपा ०६ प्रशासन चोक ,गोरखा सम्पर्क : ९८११७८८९५० E-mail- gorkhasandeshhamro@gmail.com मुद्रण : मनासलु अफसेट प्रेस गोरखा